# हाम्रो गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-३

















# स्थानीय विषय

## कक्षा-३



नामः ...................................................................

रोल नम्बरः ........................सेक्सनः-...................................

विद्यालयः ...............................................................

**मधेश प्रदेश**
**स्थानीय सरकार**
**गौर नगरपालिका**

"शिक्षा, स्वास्थय, पुर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

## गौर,रौतहट
## मधेश प्रदेश,नेपाल

## दुई शब्द

नेपाल वैविध्यपूर्ण देश हो।विविधताको सम्मान,विकास,प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो।शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन।यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो।समग्र शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस् भनेर हामीले गौर नगरपालिका भित्र विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्दै आएका छौं। शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापि हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततिहरुले पनि यसबाट प्रतिफल लिन सक्नेछन्।गुणस्तरीय व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहन्छौं।समृद्ध र विकसित समाज निर्माण गर्न चाहन्छौं।श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहन्छौं।नागरिकलाई स्वाभिमानी आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहन्छौं।तर गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ ।स्थानीय पाठ्यपुस्तक निर्माण पश्चात त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने,विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकुल बनाउँदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने हाम्रो विश्वास छ।

स्थानीय जात,जाति धर्म, सम्प्रदाय,भाषा,संस्कार,सभ्यता,मूल्यमान्यता,परम्परा,चाँडपर्व,गीत,संगीत आदिको बारेमा आवश्यक जानकारी गराइ आफनो परिवेश,सामाजिक, भौगोलिक,आर्थिक , सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य हो।समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषय वस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव,मेलमिलाप,सामुहिक कार्य,सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ।विश्वयापी सोच,स्थानीय अभ्यास भन्ने स्थानीय पाठयपुस्तकको मूलमर्मलाई आत्मसात गर्दै ज्ञान,सीप,अभ्यास र परम्पराको जगेर्ना,संरक्षण,विकास र प्रचार प्रसारका लागि पनि स्थानीय पाठयपुस्तकको निर्माण र प्रयोग आवश्यक देखिन्छ।आफनो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिँदै आफनै माटोमा केही गरौं भावना विकास गर्नमा समेत यो पाठयपुस्तकले सहयोग गर्ने छ यस पाठयपुस्तकले गौर नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ ।रौतहटको विशिष्ट अवस्थालाई समेटेको छ।हाम्रो ऐतिहासिक धरोहर बानेश्वरधाम हो।हाम्रो मौलिक कला,संस्कृतिलाई बुझ्ने अवसर दिएको छ।यस अर्थमा यो पाठयपुस्तक गौर नगरपालिकाले बनाएको छ भने हाम्रो विश्वास छ।

विद्यार्थीको आवश्यकता,अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यपुस्तकले गौर नगरपालिकाको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएका छौ। स्रोत साधन र सम्भावना समेतलाई आधार बनाई ज्ञान,सीप र अभिबृत्तिको विकासमा यो पाठ्यपुस्तक एक कोशेढुङ्गा सावित हुनेछ। स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको "गौर नगरपालिकाको पहिचान" नामक यस पाठयपुस्तकले गौरका विविध पक्षहरुको यथोचित जानकारी पनि दिएको छ। यो पाठयपुस्तक स्थानीय परिवेश सापेक्ष छ। यसले स्थानीय संस्कृति,संस्कार समेटेको छ। स्थानीय आवश्यकता र चाहना अबलम्बन गरेको छ। स्थानीय भाषा,संस्कृति,मूल्यमान्यता र संस्कारलाई आफनो विषयवस्तु बनाएको छ। स्थानीय भाषाभाषी, जातजाति,कला,धर्म,प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ। स्थानीय सरोकारवालाहरुलाई महत्त्व दिएको छ। स्थानीय सम्पदाको प्रचार प्रसार,विकास र संरक्षणलाई सघाएको छ। रैथाने सीप,प्रविधि र चालचलनलाई समयसमपेक्ष बनाउदै सरक्षण र प्रवर्धन गर्ने अभिष्ट राखेको छ। राष्ट्रिय पाठ्यक्रमले समेटन नसकेका तर स्थानीय आवश्यकताको रुपमा रेहका विषयवस्तुहरुलाई पास्केको छ। यस अर्थमा यो पाठ्यपुस्तक गौर नगरपालिकाको पहिचान कायम राख्न सफल हुनेछ भन्ने विश्वास लिएका छौं।

गौर नगरपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठयक्रम निर्माण गरी शैक्षिक सत्र २०८२ देखि कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्यूहरुलाई हार्दिक बधाई दिन चाहन्छु। नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उक्त पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन योग्य बनाउनु भएकामा अत्यन्त हर्षित छौ। यस पाठ्यपुस्तकलाई कार्यान्वयनमा ल्याउन गौर नगरपालिका अन्तर्गत सम्पूर्ण विद्यालयका प्रधानाध्यापक , शिक्षक ,विद्यालय व्यवस्थापन समिति,अभिभावक लगायत सरोकारवालाहरुलाई हामी हार्दिक अनुरोध गर्दछौं र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत हामी प्रतिवद्ध रहनेछौं। स्थानीय पाठयपुस्तक आफैमा एक गतिशील दस्तावेज भएकाले आवश्यकतानुसार यसको समसमायिक परिमार्जन हुदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छौं।

**शम्भु साह**
**(नगर प्रमुख,गौर नगरपालिका)**

"शिक्षा, स्वास्थय, पुर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

**गौर,रौतहट**

**मधेश प्रदेश,नेपाल**

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहको कार्यक्षेत्र भित्र राखेपछि संविधानबाट प्राप्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा एकीकृत पाठ्यक्रम २०७६ले हरेक स्थानीय तहलाई पाठयक्रम विकास तथा सोही अनुरुपको स्थानीय पाठयपुस्तक निर्माण गरी विद्यालयहरुमा कार्यान्वयन गर्न निर्देशित गरेको छ । यसै अनुसार गौर नगरपालिकाको आ.व. २०८१/२०८२ को स्वीकृत कार्यक्रमअनुसार स्थानीय पाठ्यपुस्तक निर्माण गरी नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८२ देखि कक्षा १ देखि ८ सम्म क्रमिक रुपमा लागु गर्ने लक्ष्य अनुसार स्थानीय पाठय-पुस्तक तयार गरिएको छ । यो स्थानीय पुस्तक नगरपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई समेटेको छ । यसबाट विद्यार्थीले औपचारिक रुपमा आफ्नो नगरपालिकाको भौगोलिक,धार्मिक,सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान सहित बस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् । साथै यस पाठयपुस्तकले विद्यार्थीहरुलाई नगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिप समेत हासिल गराउने छ । रैथाने प्रविधि तथा परम्परागत सामाग्रीहरुलाई समेत यस पाठ्यपुस्तकले संरक्षण,संवर्द्धन र विकास गर्न सहयोग पुर्याउनेछ ।

यसै गरी यस स्थानीय पाठयपुस्तकले परम्परागत कला,कौशल,भाषा,भेषभूषा,संस्कृति असल आचरण समेतको विकास गरी विद्यार्थीहरुलाई असल एवं सक्षम नागरिक बन्न सघाउ पुर्याउने कुरामा विश्वास गर्न सकिन्छ । यो स्थानीय पाठ्यपुस्तक २०८२ सालको शैक्षिक सत्र देखि कक्षा १-८ मा क्रमिक रुपमा लागु गरिनेछ । पाठ्यपुस्तक विकास तथा निर्माण कार्यमा संलग्न रहनु हुने विज्ञ तथा विद्वान महानुभावहरु सबैलाई धन्यवाद दिन चाहन्छु । नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत सबै विद्यालयले यो पाठ्यपुस्तकको महत्व र गरिमालाई आत्मसात गर्दै प्रभावकारी तारिकाले पठन पाठनलाई व्यवस्थित गर्नुहुने कुरामा म पूर्णरुपले विश्वस्त छु ।

**सुभाष कुमार ठाकुर**

**(प्रमुख प्रशासकीय अधिकृत)**

# गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

प्रकाशकः- स्थानीय सरकार, गौर नगरपालिका,रौतहट ।

© सर्वाधिकारः- गौर नगरापलिका

संरक्षकः- स्थानीय सरकार, गौर नगरपालिका,रौतहट ।

**सुझाव एंव सल्लाहकार**

१.श्री धीरेन्द्र कुमार लाल दास (कानुन अधिकृत,गौर न.पा.)

२.श्री उत्तम कुमार उपाध्याय (शिक्षा प्रमुख,गौर न.पा.)

३.श्री रौशन कुमार श्रीवास्तव (सूचना प्रविधि अधिकृत,गौर न.पा.)

**स्थानीय पाठ्यपुस्तक तयार/लेखन कार्यदल**

१.श्री नागेन्द्र प्रसाल मंडल (संयोजक,स्थानीय पाठ्यपुस्तक लेखन,गौर न.पा)

२.श्री शंकर ठाकुर (भाषा सम्पादन, पूर्व.मा.शि. नेपाली शिक्षक)

३.श्री साहेब कुमार पाठक (शिक्षक,कला सम्पादन)

४.श्री अब्दुल हक अंसारी (शिक्षक,लेआउट)

५.श्री पदमराज जैसी (शिक्षक,चित्र संकलनकर्ता)

प्रथम संस्करणः- २०८२

*यस स्थानीय पाठ्यपुस्तक सम्बन्धी सम्पूर्ण अधिकार गौर नगरपालिकामा निहित रहेको छ। यसको पुरै वा आंशिक भाग जस्ताको त्यस्तै प्रकाशन गर्न पाइने छैन।*

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | **गौरको परिचय** | १-१२ |
| | क.नगरपालिकाको नाम र कुल वडा संख्या | १ |
| | ख.नगरपालिकाको सिमाना पहिचान | ३ |
| | ग.पालिकाको नक्शामा आफनो वडाको पहिचान | ५ |
| | घ.पालिका भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति | ५ |
| | ङ. आफ्नो वडा समितिका सदस्यहरुको पहिचान | ७ |
| | • सिकाइ उपलब्धि | ८ |
| | • लेखन अभ्यास | १० |
| | • विद्यार्थी अभिलेख मूल्याङ्कन फाराम | १२ |
| २. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | १३-२३ |
| | क.स्थानीय मठ,मंदिर,मस्जिदको सामान्य परिचय | १३ |
| | ख.स्थानीय धार्मिक,ऐतिहासिक र सांस्कृतिक सम्पदा | १५ |
| | ग.पुरेनवा दरवार र घंटाघरको चिनारी | १६ |
| | घ.झण्डा मेला तथा तजिया(दाहा) मेला | १८ |
| | • सिकाइ उपलब्धि | १९ |
| | • लेखन अभ्यास | २१ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | २३ |
| ३. | **भाषा र संस्कृति** | २४-३१ |
| | क.गौर नगरपालिकामा बोलिने भाषाहरुको सामान्य जानकारी | २४ |
| | ख.नाता सम्बन्धी(मातृ भाषाको आधारमा) | २४ |
| | ग.नगरपालिकामा मनाइने मुख्य चाँडपर्वको नाम र नाचगान | २५ |
| | घ.स्थानीय रीतिरिवाज बारे जानकारी | २७ |
| | • सिकाइ उपलब्धि | २८ |
| | • लेखन अभ्यास | २९ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ३१ |
| ४ | **उधमशीलता** | ३२-४२ |
| | क.पेशाको वर्गीकरण र स्थानीय पेशाको नाम | ३२ |
| | ख.स्थानीय उधोग | ३४ |
| | ग.स्थानीय बालीहरु | ३६ |
| | घ.स्थानीय प्रविधि | ३८ |

| | | |
|---|---|---|
| | • सिकाइ उपलब्धि | ३८ |
| | • लेखन अभ्यास | ३९ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ४२ |
| ५. | **नैतिक शिक्षा र आचरण** | **४३-५०** |
| | क.घर परिवारमा सामूहिक कार्यमा संलग्न | ४३ |
| | ख.ठूलाले भनेको कार्य | ४४ |
| | ग.परिवार र विद्यालयका नियम | ४५ |
| | घ.सहयोगी भावनाको अभिबृद्धि र सुरक्षा | ४६ |
| | • सिकाइ उपलब्धि | ४७ |
| | • लेखन अभ्यास | ४८ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ५० |
| ६. | **वातावरण र सरसफाई** | **५१-५७** |
| | क.जंङ्कफुड पहिचान र यसको असर | ५१ |
| | ख.स्थानीय स्तरमा निर्मित खाना,खाजाको पहिचान | ५२ |
| | ग.शारीरिक बृद्धि,शक्ति र सुरक्षा गर्ने खानाको पहिचान | ५३ |
| | • सिकाइ उपलब्धि | ५४ |
| | • लेखन अभ्यास | ५५ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ५७ |
| ७ | **संस्था,व्यक्ति र शहिदको परिचय** | **५८-६४** |
| | क.स्थानीय अग्रजहरु तथा विशिष्ट व्यक्तिहरुको पहिचान | ५८ |
| | ख.शहिदहरुको नाम बताउन | ५९ |
| | ग.विशिष्ट व्यक्तिहरुले पुर्याएका योगदान | ६० |
| | • सिकाइ उपलब्धि | ६१ |
| | • लेखन अभ्यास | ६२ |
| | • विद्यार्थी मूल्याङ्कन फाराम | ६४ |


पाठ - १

सि.उ.सं.- ५

# गौरको परिचय

पठ्यभार - २९ घंटा

## (क) नगरपालिकाको नाम र कूल वडा संख्या:






शिक्षकः- राम, तपाईको नगरपालिकाको नाम के हो ?

रामः- मैम, मेरो नगरपालिकाको नाम  गौर नगरपालिका हो ।

शिक्षकः- सीता, चित्र हेरी पालिकाको वडा संख्या भन्नुहोस् ।

सीताः- मैम, हाम्रो पालिकामा ९ वटा वडाहरु छन् ।

रामः- सीता, तपाई कति नं. वडामा बस्नु हुन्छ ?

सीताः- राम, म वडा नं. ६ मा बस्छु । हजुर नि ?

रामः- म वडा नं. ४ मा बस्छु ।

### (प) खाली ठाँउ भर्नुहोस् ।


(अ) म..........................नगरपालिकामा.............................।

(आ) यस पालिकामा जम्मा .................................वडाहरु छन् ।


(इ) म वडा नं. .................................................मा बस्छु ।

(ई) मेरो वडा(टोल/बस्ती) को नाम .................................हो ।

### (फ) चित्र हेरी आफ्नो वडामा रंङ्ग भर्नुहोस ।




## (ख) नगरपालिकाको सिमाना पहिचान




**पढौं,चित्र हेरौं र छलफल गरौं ।**

गौर नगरपालिकाको उत्तरमा राजपुर न.पा.,दक्षिणमा भारत,पूर्वमा राजदेवी न.पा. र पश्चिममा ईशनाथ न.पा. छन् ।

## (प) तल दिइएको चित्रमा खाली ठाँउमा भर्नुहोस ।





## (फ) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| उतर | | भारत (क) |
| पूर्व | | राजपुर (ख) |
| दक्षिण | | ईशनाथ (ग) |
| पश्चिम | | राजदेवी (घ) |

## ग. पालिकाको नक्सामा आफ्नो वडा पहिचान गरी रंङ्ग भर्नुहोस




## घ. पालिका भित्रका मुख्य मुख्य सडकहरूको नाम र अवस्थिति ।










*पढौं,चित्र हेरौं र छलफल गरौं ।*

**(प) गौर नगरपालिका भित्रका मुख्य सडकहरुः-**

भंसार रोड
गौर-चन्द्रपुर रोड
गौर - पुरेनवा रोड
गौर - सिसवा सडक
अस्पताल रोड
गौर -सिर्सिया रोड
गौर-टिकुलिया सडक
गौर-महादेव पट्टी सडक

उपर्युक्त सडकहरुको अवस्था राम्रो भए पनि नाला व्यवस्थापन शत-प्रतिशत हुन बाँकी रहेको छ । गौर-चन्द्रपुर सडक चौडीकरण (४लाईन) भइरहेको अवस्थामा छ ।

**फ. प्रश्नको उत्तर दिनुहोस ।**

कृष्ण- राधा तपाई कुन सडक भएर आउनुहुन्छ ?

राधा - म त अस्पताल सडक भएर आउँछु । हजुर नि ?

कृष्ण- म त सिर्सिया सडक भएर आँउछु ।

**ब. यी सडकहरु कुन कुन वडामा पर्छन् ? खाली ठाँउमा वडा नं.लेख्नुहोस ।**

| **सडकको नाम** | **वडा नं** |
|---|---|
| भन्सार रोड | |
| अस्पताल रोड | |
| गौर-चन्द्रपुर रोड | |
| गौर- सिर्सिया रोड | |
| गौर - पुरेनवा रोड | |
| गौर - विधुत प्राधिकरण रोड | |
| गौर-टिकुलिया रोड | |
| गौर- सपगढा सडक | |
| गौर- सिसवा सडक | |
| गौर-महादेवपट्टी सडक | |

**(ङ) आफ्नो वडा समितिका सदस्यहरुको पहिचान ।**



**पढौं चित्र हेरौं र छलफल गरौं ।**

हाम्रो वडाको वडा समितिमा २ जना महिला र ३ जना पुरुष समेत जम्मा ५ जना सदस्यहरु हुनुहुन्छ ।

## प. प्रश्नको उत्तर लेख्नुहोस ।

(अ) वडा समितिमा जम्मा कति जना हुनु हुन्छ ?

(आ)वडा समितिमा महिला सदस्य दलित समेत कति जना हुन्छ ?

(इ) वडा समितिमा जम्मा कति महिला सदस्य हुन्छ ?

(ई) वडा समितिमा पुरुष सदस्य कति जना हुन्छ ?

**सिकाइ उपलब्धि।**

## प. उत्तर लेख्नुहोस ।

(अ) आफ्नो नगरपालिकाको नाम लेख्नुहोस ।

(आ) हाम्रो गौर नगरपालिकामा जम्मा कति वडाहरु छन ?

(इ) आफ्नो वडा नं लेख्नुहोस ।

(ई) आफ्नो वडा (टोल,बस्ती)को नाम लेख्नुहोस ।

## फ. आफ्नो पालिकाको सिमाना लेख्नुहोस ।

| दिशा | सिमानाको नाम |
|---|---|
| उत्तर | |
| दक्षिण | |
| पूर्व | |
| पश्चिम | |

## ब. उपयुक्त शब्द छानेर लेख्नुहोस ।

(अ)घंटाघर कुन सडकमा ________ पर्छ ?

(भन्सार रोड, गौर-चन्द्रपुर सडक,अस्पताल रोड)

(आ)राम मंदिर कुन सडकमा ________ पर्छ ?

(गौर-सिर्सिया रोड,गौर-पुरेनवा रोड,गौर अस्पताल रोड)

(इ)बरहवा ताल कुन रोडमा ________ पर्छ ?

(गौर-टिकुलिया रोड,गौर सिर्सिया रोड, गौर-विधुत प्राधिकरण रोड )

(ई)क्रन्तिद्वार कुन सडकमा ________ पर्छ ?

(अस्पताल रोड,गौर-पुरेनवा रोड,भन्सार रोड)

## लेखन अभ्यास ।

(अ) मेरो नगरपालिकाको नाम ______________ हो ।

(आ) गौर नगरपालिकाको उत्तरमा ______________ पर्दछ ।

(इ) मेरो घर ______________ सडकमा पर्दछ ।

(ई) राम मंदिर ______________ सडकमा पर्छ ।

(उ) गौर ______________ को दक्षिणमा भारत पर्दछ ।

(ऊ) मेरो वडा नं. ______ हो ।

(ए) मेरो टोलको नाम ______ हो ।

(ऐ) मेरो घर वडा नं. ______ मा पर्दछ ।

(ऐ) सोवर्ना माई मंदिर ______ सडकमा पर्छ ।

(ओ) गौर नगरापालिकाको पूर्वमा ______ न.पा.पर्दछ ।

# गौर नगरपालिका

## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय — थिम(पाठ)को नामः- गौरको परिचय

विद्यालयको नामः-................................... कक्षाः-३

महिना- वैशाख — सि.उ.सं-५ — सि.उ.अङ्क- ५×४ = २०

| क्र.स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | | | | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | हाल | विगत | जम्मा | | |
| १ | सीता कुमारी | २ | ४ | १ | ३ | ३ | ४ | २ | ४ | २ | ४ | १९ | - | १९ | ९५ | |
| २ | राम कुमार | ३ | ४ | २ | ४ | २ | ३ | ३ | ४ | २ | ४ | १९ | - | १९ | ९५ | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ३ | ४ | १ | ४ | २ | ४ | ३ | ४ | २० | - | २० | १०० | |
| ४ | राधा कुमारी | २ | ४ | ३ | ४ | २ | ३ | २ | ३ | २ | ४ | १८ | - | १८ | ९० | |
| ५ | श्याम कुमार | १ | ४ | २ | ४ | ३ | ४ | २ | ४ | २ | ४ | २० | - | २० | १०० | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

***विषय शिक्षकको*** — ----------------- प्र.अ.को सही

नामः-.................................

सहीः-...................................

# पाठ - २ धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल

सि.उ.सं.- ४

कार्य घण्टा- २३ घंटा

## (क) स्थानीय मठ, मंदिर, मस्जिदको सामान्य परिचय



(अ)




(आ)





शिक्षक :- कृष्ण, ‘अ’ के को चित्र हो ?

कृष्ण :- मैम, ‘अ’ मंदिरको चित्र हो ।

शिक्षक :- राधा, ‘आ’ के को चित्र हो ?

राधा :- मैम, ‘आ’ मस्जिदको चित्र हो ।

शिक्षक :- कृष्ण, मंदिर मा के गरिन्छ ?

कृष्ण :- मैम, मंदिरमा पूजा पाठ गरिन्छ ।

शिक्षक :- नाज, मस्जिदमा के गरिन्छ ?

नाज :- मैम, मस्जिदमा नमाज अदा गरिन्छ । .

## (प) चित्र हेरौ र लेखौ

.






## (फ) आफनो वडाको मंदिर र मस्जिदको नाम लेख्नुहोस ।

| वडा नं. | मंदिरको नाम | छ/छैन | मस्जिदको नाम | छ/छैन |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

## (ब) प्रश्नको उत्तर लेख्नुहोस ।

(अ) आफ्नो वडाको कुनै १ मंदिरको नाम लेख्नुहोस ?

(आ) आफनो वडाको कुनै १ मस्जिदको नाम लेख्नुहोस ?

(इ) मंदिरमा पूजा गर्न के लिएर जानु पर्छ ?

(ई) मस्जिदमा नमाज अदा गर्न जाँदा के लिएर जानु पर्छ ?

## (ख) स्थानीय धार्मिक,ऐतिहासिक र संस्कृतिक सम्पदा ।



*हाम्रो गौर नगरपालिका भित्रको धार्मिक,ऐतिहासिक र सांस्कृतिक सम्पदाहरु क्रमश: शिवालय पोखरी, घंटाघर, बानेश्वरधाम, पुरेनवादरबार, लामो झोलुङ्गे पुल हुन ।*

### (प) प्रश्नको उत्तर दिनुहोस

(अ) ठूलो झोलुङ्गे पुलको लम्बाई कति छ ?

(आ) पुरेनवा दरवारमा बस्ने सेनाको गुल्मको नाम के हो ?

(इ) बानेश्वरधाममा स्थापित भोलेनाथको आकार कस्तो छ ?

(ई) घंटा घरको कुन खण्डमा घडी लगाइएको छ ?

## (फ) चित्र हेरी नाम लेख्नुहोस ।









## (ख) धार्मिक तथा ऐतिहासिक सम्पदाको नाम लेख्नुहोस ।

| वडा नं | नाम |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |

## (ग) पुरेनवा दरबार र घंटाघरको चिनारी





पुरेनवा दरबार राणा शासनकालमा बि.सं १९८०-१९८१ मा निर्माण गरिएको थियो । यो दरबार हाल गौर नगरपालिकाको वडा नं- ८ मा अवस्थित छ । यस दरबारमा अहिले नेपाली सेनाको नारायण दल गणबसि रहको छ ।

## (प) प्रश्नको उत्तर दिनुहोस

अ. पुरेनवा दरबार गौर नगरपालिकाको वडा नं. कतिमा अवस्थित छ ?

आ. पुरेनवा दरबार कुन सालमा निर्माण गरिएको थियो ?

इ. पुरेनवा दरबारमा हाल को बसि रहेको छ ?

ई. पुरेनवा दरबार कति तल्ले छ ?



***गौर नगरपालिकाको घंटा घर वडा नं- ५ मा निर्माण भएको छ । घंटा घरको निर्माण बि.सं. २०८१ सालमा सम्पन्न गरिएको थियो । घंटाघर ७ खण्डको छ । यसको ५औं खण्डमा ४ वटै दिशामा घडी जडान गरिएको छ । यसको समुद्घाटन नगर प्रमुख श्री शम्भु साहले गर्नु भएको छ ।***

## (प) प्रश्नको उत्तर लेख्नुहोस ।

(अ) स्थानीय घंटाघर कति खण्डको छ ?

(आ)घंटाघरको कुन खण्डमा घडी जडान गरिएको छ ?

(इ) घंटाघरमा कति वटा घडी जडान गरिएको छ ?

(ई) घंटाघरको उत्तर तर्फ कुन सडक छ ?

## घ. झण्डा मेला तथा तजिया (दाहा) मेला ।








शिक्षक:- नाज,‘अ’ मा के को चित्र छ ?

नाज :- सर,‘अ’मा झण्डाको चित्र हो ।

शिक्षक:- नेहा, झण्डा मेला कहिले लाग्छ ?

नेहा :- सर,झण्डा मेला सिर्सियाँमा आश्विन महिनामा लाग्छ ।

शिक्षक :-नाज ‘आ’ मा के को चित्र हो ?

नाज:- सर, ‘आ’ मा तजिया (दाहा) को चित्र हो ।

शिक्षक:- नेहा, तजिया(दाहा) मेला कुन महिनामा लाग्छ ?

नेहा:- सर, तजिया (दाहा) तीन वर्ष सम्म एउटै महिनामा लाग्छ ।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ) झण्डा मेला कुन महिनामा लाग्छ ?

(आ) गौरमा झण्डा मेला कुन ठाँउमा लाग्छ ?

(इ) तजिया(दाहा) मेला कुन महिनामा लाग्छ ?

(ई) तजिया (दाहा) मेला गौरको कुन ठाँउमा लाग्छ ?

## सिकाइ उपलब्धि।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ) आफनो वडाको एउटा मंदिरको नाम भन्नुहोस ।

आ) स्थानीय लामो झोलुङ्गे पुलको लम्बाई कति मिटर छ ?

(इ) बानेश्वर धाममा लाग्ने कुनै एउटा मेलाको नाम भन्नुहोस ?

(ई) स्थानीय घंटाघरको उचाइ कति छ ?

## (फ) खाली ठाँउ भर्नुहोस ।

(अ) झण्डा मेला ....................................महिनामा लाग्छ ।

(आ) घंटाघरमा ........................वटा घडी जडान गरिएको छ ।

(इ) पुरेनवा दरबारमा हाल.................................बस्नु हुन्छ ।

(ई) बानेश्वरधाम वडा नं....................................मा पर्छ ।

(उ) पुरेनवा दरबार वि.सं...................मा निर्माण भएको थियो ।

(ऊ) घंटाघरको तल..........................................मंदिर छ ।

(ए) सामूहिक नमाज अदा.................................मा गरिन्छ ।

## (ब) मंदिरको नाम लेख्नुहोस ।

| वडा नं. | मंदिरको नाम |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |

## (भ) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| महादेवपट्टी | | पुरेनवा दरबार (अ) |
| टिकुलिया | | शिव गंगा, छठघाट (आ) |
| पुरेनवा | | बानेश्वरधाम मंदिर (इ) |
| वडा नं.-१ | | सोवर्नामाई मंदिर (ई) |
| विद्यापति नगर | | राम मंदिर (उ) |
| वडा नं.-५ | | शिवालय मंदिर(ऊ) |

## लेखन अभ्यास ।

(अ) मेरो वडामा ______ मंदिर हो ।

(आ) मेरो वडामा ______ मस्जिद हो ।

(इ) बानेश्वरधाम वडा नं. ______ मा पर्छ ।

(ई) लामो झोलुङ्गेको लम्बाई ______ छ ।

(उ) घंटाघरको ______ खण्डमा घडी जडान गरिएको छ ।

(ऊ) तजिया मेला ______ महिनामा लाग्छ ।

(ए) पुरेनवा दरबारमा ______ बस्नु हुन्छ ।

(ऐ) झण्डा मेला ______ महिनामा लाग्छ ।

(ओ) मंदिरमा ______ गरिन्छ ।

(औ) सामूहिक नमाज अदा ______ मा गरिन्छ ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय | थिम(पाठ)कोनामः-धार्मिक,ऐतिहासिक, पर्यटकिय स्थल

विद्यालयको नामः-.................................... | कक्षाः-३

महिना- जेष्ठ | सि.उ.सं-४ | सि.उ.अङ्क- ४×४ = १६

| क्र.स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | २० | ३६ | | |
| १ | सीता कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | २ | ३ | - | - | १४ | १९ | ३३ | ९२ | |
| २ | राम कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | १५ | १९ | ३४ | ९४ | |
| ३ | कृष्ण कुमार | ४ | ४ | ३ | ३ | २ | ३ | ३ | ४ | - | - | १४ | २० | ३४ | ९४ | |
| ४ | राधा कुमारी | ३ | ३ | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | १५ | १८ | ३३ | ९२ | |
| ५ | श्याम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | २ | ३ | - | - | १४ | २० | ३४ | ९४ | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

..........................

प्र.अ.को सही

नामः-.....................................

सही.......................................

# पाठ - ३ भाषा र संस्कृति

सिकाइ उ.सं. ४

कार्य घण्टा- २३ घंटा

## (क)गौर नगरपालिकामा बोलिने भाषाहरूको सामान्य जानकारी दिन



बज्जिका



मैथिली



उर्दु



हिन्दी

## (ख) चित्र हेरौ र छलफल गरौं ।

गौर नगरपालिकामा बोलिने भाषा बज्जिका,मैथिली,भोजपुरी,हिन्दी र नेपाली हुन् ।

## (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ) तपाईको घरमा कुन भाषा प्रयोग गरिन्छ ?

(आ) तपाईको कक्षा कोठामा कुन भाषा प्रयोग गरिन्छ ?

(इ) तपाइले आफनो साथी सँग कुन भाषामा कुरा गर्नु हुन्छ ?

(ई) तपाईको बुवा कुन भाषाको प्रयोग गर्नु हुन्छ ?

## (ख) नाता सम्बन्धी (मातृ भाषाको आधारमा) विभिन्न नाता सम्बन्धी चिनारी गराउन ।



हजुर बुबा/हजुर आमा



बुबा/आमा



मामी/मामा

मातृभाषाको आधारमा बढी प्रयोग हुने नाताहरु बाजे, बज्यै,काका,चाचा, काकी,चाची,नाना,नानी,मामा,मामी,दाइ,दिदी,भाइ,बहिनी र भाउजु हुन् ।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

अ.तपाईले आफनी आमाकी बहिनी लाई के भन्नु हुन्छ ?

आ.तपाईले बुवाको भाइलाई के भन्नु हुन्छ ?

इ. तपाईले आफनी आमाकी आमालाई के भन्नु हुन्छ ?

ई. तपाईले आफनो मामाको छोरालाई के भन्नु हुन्छ ?

## (फ) खाली ठाँउ भर्नुहोस ।

अ.बुबाकी बहिनी लाई [ ] भनिन्छ ।

आ. मामाकी छोरीलाई [ ] भनिन्छ ।

इ. आमाको दाइलाई [ ] भनिन्छ ।

ई. बुवाको बुवालाई [ ] भनिन्छ ।

## (ब) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| आमाको भाइ | | मौसी (अ) |
| बुवाकी बहिनी | | बहिनी (आ) |
| मामाकी छोरी | | फुफू (इ) |
| नानाकी छोरी | | मामा (ई) |

## (ग) यस पालिकामा मनाइने मुख्य चाँडपर्वको नाम र नाचगान

### विभिन्न चाँडपर्व











### स्थानीय नाँच गान







**चित्र हेरौं छलफल गरौं ।**

यस नगरपालिकामा मनाइने चाँडपर्व छठ, होली, दिपावली, ईद, तीज, झिझिया,सतुआन हो । प्राय तीज,झिझिया र झण्डा(ताजिया)मा नाच्ने चलन छ ।

## (ग) प्रश्नको उत्तर दिनुहोस ।

(अ) तपाईलाई कुन पर्व मन पर्छ ?


(आ) तपाईको घरमा मनाइने  कुनै दुई पर्वको नाम भन्नुहोस् ?

(इ) कुन पर्वमा ठेकुवा र भुस्वाको प्रयोग गरिन्छ ?

(ई) तपाईको टोलमा कुन अवसरमा नाच गान गरिन्छ ?

## (घ) स्थानीय रीतिरिवाज बारे जानकारी गराउन ।





चित्र हेरौं र छलफल गरौ ।

स्थानीय पालिकाको सबै विद्यालयमा सरस्वती पूजा मनाइन्छ ।साथै अधिकांश वडाहरुमा ईदको पर्व मनाइन्छ । ईद तीन वर्ष सम्म एउटै महिनामा आउँछ ।

## (प) तलको प्रश्नको उत्तर लेख्नुहोस ।

(अ) ईद कुन महिनामा मनाइन्छ ?

(आ) छठ पर्वमा कति घंटा उपवास बस्नु पर्छ ?

(इ) सरस्वती पूजा कुन महिनामा मनाइन्छ ?

(ई) ईद मनाउन कुन कुन सामाग्री चाहिँन्छ ?

उ. तपाईलाई मन पर्ने २ वटा मठ मंदिरको नाम लेख्नुहोस ?

## सिकाइ उपलब्धि ।

## (प) प्रश्नको उत्तर लेख्नुहोस ।

(अ)आमाकी छोरीलाई के भनिन्छ ?

(आ)मामाकी बहिनीलाई के भनिन्छ ?

(इ)छठ पर्व कुन महिनामा मनाइन्छ ?

(ई) तपाईलाई मन पर्ने कुनै ३ चाँड पर्वको नाम लेख्नुहोस ?

## (फ) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| पिता | | नाना (अ) |
| बाजे | | नानी (आ) |
| छठ पर्व | | नेपाली (इ) |
| आमाको आमा | | भोजपुरी (ई) |
| मामाको बुवा | | कार्त्तिक महिना (उ) |

## लेखन अभ्यास ।

**(अ) गौर नगरपालिकामा बोलिने भाषा ______ हो ।**

**(आ) मेरो कक्षा कोठामा ______ भाषाको प्रयोग गरिन्छ ।**

**(इ) मेरी आमा ______ भाषामा कुरा गर्नु हुन्छ ।**

**(ई) बढी प्रयोग गरिने नाता बाबा,दादी काका ______ पिता ______ हुन् ।**

(उ) मेरी ____ को बहिनीलाई मौसी भन्छु ।

(ऊ) मेरा बुवाको भाइलाई ____ भन्छु ।

(ए) आमाको दाइलाई ____ भन्छु ।

(ऐ) मामाकी छोरीलाई ____ भन्छ ।

(ओ) मलाई छठ पर्व धेरै ____ पर्छ ।

(औ) सरस्वती पूजा ____ महिनामा हुन्छ ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय थिम(पाठ)को नामः- भाषा र संस्कृति

विद्यालयको नामः-.................................... कक्षाः-३

महिना- अषाढ सि.उ.सं-४ सि.उ.अङ्क- ४×४ = १६

| क्र. स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | ३६ | ५२ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ३३ | ४८ | ९२ | |
| २ | राम कुमार | ४ | ४ | ३ | ४ | ४ | ४ | ३ | ४ | - | - | १६ | ३४ | ५० | ९६ | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ३४ | ४९ | ९४ | |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | १५ | ३३ | ४८ | ९२ | |
| ५ | श्याम कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ३४ | ४९ | ९४ | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः-...........................................

सहीः-.............................................

..................................

प्र.अ.को सही

पाठ - ४

# उद्यमशीलता

सिकाइ उ.सं.:- ५ कार्य घण्टा:- २८ घंटा

## (क) पेशाको वर्गीकरण र स्थानीय पेशाको नाम

### पेशाको वर्गीकरण

**१. निजी पेशा**

- सिलाई कार्य
- व्यूटीपार्लर
- कृषि पेशा
- काष्ठ कार्य
- ई- रिक्शा
- माटोको काम
- बाँसको काम

**२.अरुमा आधारित पेशा**

- ईट उधोग
- चिरान मिल
- बैग उधोग

**३. नौकरी पेशा**

- कार्यालयमा काम गर्ने
- विद्यालयमा काम गर्ने
- ठूला पसलहरुमा काम गर्ने
- ड्राईभिङ्ग गर्ने








**चित्र हेरौं र छलफल गरौं ।**

शिक्षक :-रीता,तपाईका आमा र बुवाले गर्ने कुनै एक पेशाको नाम भन्नुहोस ।

रीता :-सर,मेरा बुवा ई-रिक्शा चलाउने र आमा सिलाइको काम गर्नु हुन्छ ।

शिक्षक :- रीता,तपाईलाई कुन पेशा मन पर्छ ?

रीता :- सर, मलाई शिक्षण पेशा धेरै मन पर्छ ।

शिक्षक :- रीता,तपाईको दाइले गर्ने पेशाको नाम भन्नुहोस ?

रीता :-सर,मेरा दाइ सरकारी सेवामा खरिदारको पदमा काम गर्नुहुन्छ ।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ) पेशाको वर्गीकरण कति तरिकाले गर्न सकिन्छ ?

(आ) पेशा वर्गीकरणको आधार कुन-कुन हुन् ?

(इ) चिरान मिलमा कम्तिमा कति जना मानिसहरु चाहिन्छन् ?

(ई) ग्रिल उधोगमा तयार गरिने कुनै एक बस्तुको नाम भन्नुहोस ?

## फ. जोडा मिलाउनुहोस ।



ई-रिक्शा(अ)



बैग उधोग(आ)



शिक्षण पेशा(इ)



सिलाइ पेशा (ई)



ग्रील पेशा(उ)



चिरान पेशा(ऊ)

## (ख) स्थानीय उधोग








### चित्र हेरौं र छलफल गरौ ।

रमा:- लता,मेरो टोलमा डेरी उधोग छ। त्यसमा दूध,दही, पनिर पाइन्छ।

लता:- रमा, मेरो टोलमा मत्स्य उधोग छ। माछाहरु पोखरीबाट निकाल्ने र बेच्ने काम गरिन्छ।

## प. खाली ठाँउ भर्नहोस ।

(अ) सोफा सेट ______ उधोगमा पाइन्छ ।

(आ)बैगहरु ______ उधोगमा तयार गरिन्छ ।

(इ)फारम हाउसमा ______ उत्पादन गरिन्छ ।

(ई) पनिर ______ पाईन्छ ।

## फ. जोडा मिलाउनुहोस ।

 ______ बैग उधोग (अ)

 ______ फर्निचर उधोग (आ)

 ______ मत्स्य पालन उधोग (इ)



______ फाराम हाउस (ई)

## प. प्रश्नको उत्तर दिनुहोस ।

(अ) ग्रिल कुन उधोगमा तयार गरिन्छ ?

(आ) पनिर कुन उधोगमा तयार गरिन्छ ?

(इ) काठको पलंग कुन उधोगमा तयार गरिन्छ ?

(ई) ब्याग कुन उधोगमा तयार गरिन्छ ?

(उ) फलामको ढोका कुन उधोगमा तयार गरिन्छ ?

(ऊ) काठको कुर्सी कुन उधोगमा तयार गरिन्छ ?

## ग. स्थानीय तरकारी खेती, अन्नबाली, फलफूल, नगदेवाली र जडिबुटी

### (प) चित्र हेरौं छलफल गरौं



तरकारी

### फ. चित्र हेरौं छलफल गरौं ।



अन्नबाली

### ब. चित्र हेरौ छलफल गरौं ।



फलफूल

## भ.चित्र हेरौ र छलफल गरौ ।

नगदेबाली

## म.चित्र हेरौ र छलफल गरौ ।

जडीबुटी

## प. प्रश्नको उत्तर दिनुहोस ।

(अ) तपाईको घरमा कुन  तरकारी खेती हुन्छ ?

(आ) तपाईलाई मन पर्ने तरकारीको नाम भन्नुहोस ?

(इ) सेतो रंगको कुनै एउटा तरकारीको नाम भन्नुहोस ।

(ई) गोलभेडाको रंग कस्तो हुन्छ ?

## फ. जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| धान | | दाल (अ) |
| गहुँ | | भुजा (आ) |
| मकै | | चामल (इ) |
| लहरी | | रोटी (ई ) |

## ब. खाली ठाँउमा भर्नुहोस ।

(अ) जामुनको रंग ______ हुन्छ ।

(आ) पपिताको रंग ______ हुन्छ ।

(इ) एउटा जडीबुटीको नाम ______ हो ।

(ई) एक नगदेवाली ______ हो ।

## (घ) स्थानीय प्रविधि






चित्र हेरौ छलफल गरौ ।

## प. प्रश्नको उत्तर दिनुहोस ।

(अ) कुनै एक स्थानीय प्रविधिको नाम भन्नुहोस ?

(आ) चित्र हेरी ढिकीको उपयोग कुन कामको लागि गरिन्छ ?भन्नुहोस्।

**सिकाइ उपलब्धि।**

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ)आँटा पिस्ने उधोगको नाम भन्नुहोस् ।

(आ)मसाला पिस्ने उधोगको नाम भन्नुहोस ।

(इ)एउटा नगदेवालीको नाम भन्नुहोस ।

(ई)तेल बनाउने उधोगलाई के भनिन्छ ।

## (फ) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| तरकारी | | फलामको पति (अ) |
| जडीबुटी | | काठको उधोग (आ) |
| सोफासेट | | फूलकोभी (इ) |
| ग्रिल | | पारिजात ( ई ) |

## (ब) खाली ठाँउ भर्नुहोस ।

(अ) कपडा सिउने कामलाई ______ भनिन्छ ।

(आ)स्थानीय कुनै एउटा उधोगको नाम ______ हो ।

(इ) पनिर तयार गर्ने उधोगको नाम ______ हो ।

(ई) एउटा नगदेबालीको नाम ______ हो ।

## लेखन अभ्यास ।

**(अ) मलाई शिक्षण पेशा ______ पर्छ ।**

**(आ) मेरी दिदी ______ को काम गर्नुहुन्छ ।**

(इ) काठ ______ मिलमा चिरिन्छ ।

(ई) ग्रील उधोगमा ______ तयार गरिन्छ ।

(उ) फाराम हाउसमा ______ उत्पादन गरिन्छ ।

(ऊ) सोफासेट ______ उधोगमा तयार गरिन्छ ।

(ए) पनिर ______ उधोगमा बनाइन्छ ।

(ऐ) जामुनको रंग ______ हुन्छ ।

(ओ) एउटा नगदेबालीको नाम ______ हो ।

(औ) टमाटरको रंग ______ हुन्छ ।

# गौर नगरपालिका
# विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय थिम(पाठ)कोनामः- उद्यमशिलता

विद्यालयको नामः-............................ कक्षाः-३

महिनाः- भाद्र र असोज सि.उ.सं-५ सि.उ.अङ्कः- ५×४ = २०

| क्र. स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २० | ५२ | ७२ | | |
| १ | सीता कुमारी | ३ | ४ | २ | ३ | ३ | ४ | २ | ३ | ३ | ४ | १८ | ४८ | ६६ | ९२ | |
| २ | राम कुमार | ३ | ३ | ३ | ४ | ३ | ३ | ३ | ४ | २ | ३ | १७ | ५० | ६७ | ९३ | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ३ | ३ | ३ | ४ | २ | ३ | ३ | ४ | १८ | ४९ | ६७ | ९३ | |
| ४ | राधा कुमारी | ३ | ३ | ३ | ४ | ३ | ३ | ३ | ४ | २ | ३ | १७ | ४८ | ६५ | ९० | |
| ५ | श्याम कुमार | ३ | ४ | ३ | ३ | ३ | ४ | २ | ३ | ३ | ४ | १८ | ४९ | ६७ | ९३ | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको

नामः-....................................

सहीः-....................................

---------------------------

प्र.अ.को सही

# पाठ - ५ नैतिक शिक्षा र आचरण

सिकाइ उ.सं.-४ | कार्य घण्टा- २३ घंटा

## (क) घर परिवारमा सामूहिक कार्यमा संलग्न

### घर परिवारमा गरिने सामूहिक कार्यहरु

- घरसफाइ
- कपडा सफाइ
- खाएको भाँडा सफाइ
- करेसाबारीमा पानी
- ओछयान मिलाउने कार्य
- पानी ल्याउने कार्य
- तरकारी काट्ने कार्य
- खाना पकाउने कार्य





शिक्षकः-रमा ,तपाई घरपरिवारमा गरिने कार्यमा कुन कार्य गर्नु हुन्छ ?

रमाः-सर,म आफनो घरको सफाइ र पानी ल्याइ दिने कार्यमा सहयोग गर्छु ।

शिक्षकः-रमा,तपाई आफ्नी आमालाई भन्सामा को कुन कार्यमा सहयोग गर्नु हुन्छ ?

रमा :- सर ,म आफनो भन्सामा तरकारी काट्ने कार्य र साना तिना भाडा सफा गर्ने कार्यमा सहयोग गर्छु ।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ) घरमा गरिने कुनै तीन कामको नाम भन्नुहोस ?

(आ) के तपाईको घरमा करेसाबारी छ ? छ भने तपाई त्यसमा कुन कार्यमा सहयोग गर्नु हुन्छ ?

(इ) के तपाईको परिवारमा सवै जना मिलेर कार्य गर्नुहुन्छ ?

## (फ) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| खाना पकाउने कार्य | | बज्यै (अ) |
| घर सफा गर्ने कार्य | | आमा (आ) |
| खेतीको कार्य | | छोरी (इ) |
| तरकारी काट्ने कार्य | | बुवा (ई) |

## ख. ठूलाले भनेको कार्य ।





शिक्षकः- रमा, तपाईका बुवाले भन्नु भएको कार्य गर्नु हुन्छ ?

रमाः- सर,मेरा बुवाले भनेको सबै काम गर्छु ।

शिक्षकः- रमा,तपाईकी आमा,बाज्यै,बाजेले भन्नु भएको कार्य गर्नु हुन्छ ?

रमाः- सर, मेरो घरमा म भन्दा ठूला जसले पनि भनेको कार्य म सजिलै संग गर्छु ।

## (प) प्रश्नको उत्तर दिनुहोस।

(अ)तपाईकी आमाले भनेको कार्य गर्नु हुन्छ ?

(आ)तपाईका बाजेले एक ग्लास पानी माग्दा के गर्नु  हुन्छ ?

(इ)तपाईकी बज्यैले औषधी माग्दा के गर्नु हुन्छ ?

(ई)तपाईका बुवाले करेसाबारीमा पानी पटाउन भन्दा के गर्नु हुन्छ ?


## (ग) परिवार र विद्यालयका नियम पालना ।

### परिवारको नियम:-

- बिहान उठने
- नित्य क्रियाकलाप  गर्ने
- ब्रस गर्ने
- गृह कार्य गर्ने
- घरको काममा सहयोग गर्ने
- विद्यालय समयमा जाने
- हात साबुनले धुने
- नुहाउने
- समयमा नास्ता र खाना खाने

### विद्यालयको नियम :-

- विद्यालय निर्धारित समयमा आउने
- गृहकार्य गरेर ल्याउने
- प्रार्थनामा भागमा लिने
- पूरै घंटी कलास गर्ने
- साथीहरु संग मिलेर बस्ने
- विद्यालय सरसफाइ कार्य
- अनुशासनमा बस्ने
- विद्यालयको ड्रेस लगाएर आउने








शिवः- सर, म आफ्नो परिवारका सबै नियम पालन गर्छु ।

शिक्षकः- शिव,तपाईले आफ्नो विद्यालयको नियम पालन गर्नु हुन्छ ?

शिवः- सर, म आफनो विद्यालयका सबै नियम पालन गर्छु ।

शिक्षकः- शिव, तपाईको परिवारको कुनै तीन नियम भन्नुहोस ?

शिवः- सर,मेरो परिवारको नियम मध्ये विहान उठने, गृहकार्य गर्ने र विद्यालय समयमा जाने हो ।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ) विहान उठने नियम कहाँ को हो ?

(आ)ड्रेस लगाएर आउने नियम कहाँ को हो ?

(इ) गृहकार्य गर्ने नियम कहाँको हो ?

(ई)प्रार्थनामा  भाग लिने नियम कहाँको हो ?

## घ. सहयोगी भावनाको अभिबृद्धि र आफ्नो सामानको सुरक्षा





शिक्षकः- उषा, तपाई आफ्ना साथीहरुलाई कसरी सहयोग गर्नु हुन्छ ?

उषाः- मैम, म आफ्नो साथीलाई कहिलेकाँही पेन्सिल कटर दिएर सहयोग गर्छु ।

शिक्षकः- उषा,तपाई आफनो सामानको सुरक्षा कसरी गर्नु हुन्छ ?

उषाः- मैम, म आफ्नो सामान जहिले पनि (झोलामा) स्कुल वैगमा मिलाएर बन्द गरेर राख्छु ।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

(अ) तपाईले पेन्सिल घरमा छुटेको साथीलाई के गर्नु हुन्छ ?

(आ) तपाई आफनो सामानको सुरक्षा गर्न के गर्नु हुन्छ ?

## सिकाइ उपलब्धि।

## (प) प्रश्नको उत्तर दिनुहोस ।

अ. घरपरिवारमा गरिने कुनै २ कामको नाम भन्नुहोस् ।

आ.के घरमा ठूलाले भनेको कार्य गर्नु हुन्छ ? हुन्छ भने कार्यको नाम भन्नुहोस् ।

इ.तपाईकी आमा भान्सामा सहयोग गर्न बोलाउँदा के गर्नु हुन्छ ?

ई.विद्यालय र घरको १/१ वटा नियम भन्नुहोस् ।

## (फ) जोडा मिलाउनुहोस ।

| | | |
|---|---|---|
| खाना पकाउने कार्य | | परिवारको नियम(अ) |
| ओछ्यान मिलाउने काम | | विद्यालयको नियम(आ) |
| प्रार्थनामा भागलिने कार्य | | घरको कार्य(इ) |
| ब्रस गर्ने कार्य | | घरको कार्य (ई) |

# लेखन अभ्यास ।

(अ) म आफ्नो घरमा ________ को काम गर्छु ।

(आ) म बिहान आफ्नो ________ ब्रसले सफा गर्छु ।

(इ) म आफ्नो कपडा आफै ________ गर्छु ।

(ई) ठूला लाई ________ गर्छु ।

(उ) गुरुलाई सधै ________ गर्छु ।

(ऊ) मेरा भाइ बहिनीलाई ______ गर्छु ।

(ए) म विद्यालय ______ जान्छु ।

(ऐ) म सधैं गृह ______ गर्छु ।

(ओ) हामी कक्षाकोठामा ______ बस्छौं ।

(औ) मेरा बाजेले भन्नुभएको आज्ञा ______ गर्छु ।

# गौर नगरपालिका

## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय थिम(पाठ)को नामः- नैतिक शिक्षा र आचरण

विद्यालयको नामः-.............................. कक्षाः-३

महिना-कार्त्तिक र मंसिर सि.उ.सं-४ सि.उ.अङ्क- ४×४ = १६

| क्र.स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | ७२ | ८८ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | १६ | ६६ | ८२ | ९३ | |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | १५ | ६७ | ८२ | ९३ | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ६७ | ८२ | ९३ | |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | १५ | ६५ | ८० | ९१ | |
| ५ | श्याम कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ३ | - | - | १४ | ६७ | ८१ | ९२ | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

**विषय शिक्षकको**

-----------------------
प्र.अ.को सही

नामः-.....................................

सहीः-....................................

# पाठ-६ वातावरण र सरसफाइ

सिकाइ उ.सं.-३ कार्य घण्टा- २७

## (क) जङ्कफुड पहिचान गर्न र यसको असर बताउन




**चित्र हेरौं र छलफल गरौं ।**

बाजारमा पैकिङ्ग गरी तयार पारिएको खाने कुरानै जङ्क फुड हो । जस्तै चाउचाउ,चिप्स,विस्कुट ,भुजिया आदि । प्रायः जङ्कफुडमा तयार र एक्सपायर हुने मिति मेटिएको हुन्छ । विद्यालयले दिने दिवा खाजामा यो खुवाउन रोका गरिएको छ । यसको सेवन गर्दा नाकारात्मक असर पार्दछ । घरमा पनि जङ्कफुडको प्रयोग गर्न हुँदैन ।

## (ख) खाली ठाँउ भर्नु होस ।

(अ) विद्यालय दिवा खाजामा जङ्कफुडको प्रयोग ________ ।

(आ) जङ्क फुडको असर ________ हुन्छ ।

(इ) प्रायजसो जङ्कफुडमा तयार गरिएको ________ लेखिएको हुँदैन ।

(ई) विद्यार्थीलाई विद्यालयमा जङ्कफुड खान ________ ।

(उ) एक्सपायर मिति मेटिएको जङ्कफुडको परीक्षण गर्दा ________ भेटियो ।

## ख.स्थानीय स्तरमा निर्मित खाना खाजाको पहिचान गर्न



**चित्र हेरौँ र छलफल गरौँ ।**

स्थानीय स्तरमा निर्मित ताजा खाना र खाजा पौष्टिक हुन्छ । स्थानीय स्तरमा तयार गरिने खाना र खाजा प्रायः रोटी, चामल, दाल, सब्जी, पराठा, कचौडी,खिचडी,खिर /अण्डाकरी माछा,मासु हुन् ।

विद्यालयमा दिवा खाजामा दिइएने खाजा यी मध्ये नै हो । आफै पकाएर दिवा खाजामा दिइने खाजा पौष्टिक हुन्छ । स्थानीय स्तरमा तैयार गरिएको खाना खाजामा प्राय स्थानीय सामाग्रीनै प्रयोग गरिएको हुन्छ ।

### (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ)कुनै ४ स्थानीय खाजाको नाम भन्नुहोस् ।

(आ)कुनै ४ स्थानीय खानाको नाम भन्नुहोस् ।

(इ)तपाईको विद्यालयमा दिवा खाजामा दिइने खाजाको नाम भन्नुहोस् ।

(ई)स्थानीय खाजामा कुन-कुन स्थानीय सामाग्रीको प्रयोग गरिएको हुन्छ ?

## (फ) ठिक भए (√) र वेठिक भए (X) को चिन्ह लगाउनुहोस ।

(अ) जङ्कफुडको प्रयोग विद्यालय दिवाखाजामा गरिन्छ । ☐

(आ) स्थानीय सामग्री प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरिन्छ । ☐

(इ) आफै तयार गरिएको खाजा भन्दा जङ्कफुड पोषणयुक्त हुन्छ । ☐

(ई) प्राय: जसो जङ्कफुडमा तयार र एक्सपायर मिति लेखिएको हुदैन । ☐

## ग. शारीरिक बृद्धि गर्ने, शक्ति दिने र सुरक्षा गर्ने खानाको पहिचान गर्न ।








चित्र हेरौ र छलफल गरौं ।

शारीरिक वृद्धि गर्ने ,शक्ति दिने र सुरक्षा गर्ने खाना दूध,अण्डा,माछा,मासु, साग,हरियो सब्जी,फलफूल, दालरोटी र चामल हुन् ।भेज र ननभेज (शाकाहारी र मांसाहारी) खाना मध्ये आफूलाई चाहिने खानाको उपयोग गर्नुपर्छ ।

## (प) चित्र हेरी नाम लेख्नुहोस् ।





## (प) प्रश्नको उत्तर दिनुहोस् ।

(अ)तपाईलाई जङ्कफुड र खिर मध्ये कुन मन पर्छ ?

(आ)तपाईको विद्यालयमा दिवाखाजामा दिइने कुनै २ खाजाको नाम भन्नुहोस् ?

(इ)स्थानीय खाजामा प्रयोग गरिने कुनै २ स्थानीय खाद्यपदार्थको नाम भन्नुहोस् ?

## सिकाइ उपलब्धि।

## (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ) के जङ्क फुडमा तयारी मिति लेखिएको हुन्छ ?

(आ) विद्यालयमा दिइने दिवा खाजामा दिइने कुनै ३ खाजाको नाम भन्नुहोस ।

(इ) शारीरिक वृद्धिको लागि कुनै २ वटा पौष्टिक आहारको नाम भन्नुहोस ।

(ई) के जङ्क फुडमा एक्सपायर मिति लेखिएको हुन्छ ?

(उ)एउटा शुद्ध शाकाहारी खानाको थाल सजाएर तयार गर्नुहोस ।

## (फ) जोडा मिलाउनुहोस ।

| | |
|---|---|
| चाउचाउ | ननभेज (अ) |
| खिर | जङ्कफुड (आ) |
| दालरोटी | भेज (इ) |
| अण्डाकरी | स्थानीय खाना (ई) |

# लेखन अभ्यास ।

(अ) जङ्कफुड स्वास्थ्यको लागि ______ हुन्छ ।

(आ) दिवाखाजामा जङ्कफुडको प्रयोग ______ ।

(इ) दिवाखाजामा स्थानीय ______ खाजा प्रयोग गरिन्छ ।

(ई) आफै पकाएर दिवा खाजामा दिइने खाजा ______ हुन्छ ।

(उ) दूध,अण्डा,साग,माछा,शारीरिक ______ बृद्धि गर्छ ।

(ऊ) दिवा खाजामा प्रयोग गरिने स्थानीय सामग्री ______ हो ।

(ए) जङ्कफुड शारीरिक बृद्धि ______ ।

(ऐ) मलाई ______ पिउन धेरै मन पर्छ ।

(ओ) जङ्कफुडमा ______ मिति लेखिएको हुन्छ ।

(औ) चामल,रोटी,दाल,तरकारी ______ खाना हो ।

# गौर नगरपालिका
# विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय थिम(पाठ)को नामः- वातावरण र सरसफाइ

विद्यालयको नामः-.................................कक्षाः-३

महिना- पौष र माघ सि.उ.सं-३ सि.उ.अङ्क- ४×३ = १२

| क्र.स. | विद्यार्थीको नाम | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | ८८ | १०० | | |
| १ | सीता कुमारी | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ८२ | ९३ | ९३ | |
| २ | राम कुमार | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | ८२ | ९३ | ९३ | |
| ३ | कृष्ण कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ८२ | ९३ | ९३ | |
| ४ | राधा कुमारी | ३ | ४ | ४ | ४ | ३ | ४ | - | - | - | - | १२ | ८० | ९२ | ९२ | |
| ५ | श्याम कुमार | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | - | - | १२ | ८१ | ९३ | ९३ | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

**विषय शिक्षकको**

नामः-.........................................

सहीः-.........................................

-------------------------

प्र.अ.को सही

# पाठ - ७ संस्था,व्यक्ति र शहिदको परिचय

सिकाइ उ.सं.-३ कार्य घण्टा:- १७ घंटा

## क. स्थानीय अग्रजहरु तथा विशिष्ट व्यक्तिहरुको पहिचान

### विशिष्ट व्यक्तिको चित्र










स्थानीय अग्रजहरु पढेर राम्रो काम जस्तै चिकित्सक,प्राध्यापक,इन्जिनियरिङ्ग को काम गरेर देश सेवा गरी राख्नु भएछ भने वहाँको गुणलाई अनुशरण गर्ने । विशिष्ट व्यक्तिहरु जस्तै तुङ्ग शम्शेर ,जङ्ग बहादुर राणा,तहविल्दार मान बहादुर मानन्धर, सेठ बलदेव दास हुनुहुन्थ्यो । उहाँहरुले राणाकालमा यस पालिकामा नेपालको चौथो पुरानो विद्यालयको रुपमा श्री जुद्ध माध्यमिक विद्यालयको स्थापना गर्नु भएको थियो ।

## (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ) तपाईको घर वा छिमेकमा अग्रजहरु मध्ये कुनै दुईको नाम भन्नुहोस ।

(आ) हामीले पहिचान गरेको अग्रजको एउटा असल कार्य भन्नुहोस ।

(इ) हामीले पहिचान गरेको अग्रजले विद्यालय क्षेत्रमा गर्नु भएको एउटा कार्य भन्नुहोस् ।

(ई) हाम्रो पालिकाको कुनै दुई विशिष्ट व्यक्तिहरुको नाम भन्नुहोस ।

(उ) हामीले पहिचान गरेको विशिष्ट व्यक्तिको एउटा महत्वपूर्ण कार्यको नाम भन्नुहोस ।

(ऊ) राणा शासन कालमा आफ्नो जानको बाजी लगाएर हाम्रो पालिकामा शिक्षण संस्था खोल्ने विशिष्ट व्यक्तिहरुको नाम भन्नुहोस ।

## ख. शहिदहरुको नाम बताउन ।










विक्रम सम्बत् २०७२ को मधेश आन्दोलनमा वीर शहिदहरु मध्ये श्री भगवान राउत,शेख तवरेज,श्री राजकिशोर ठाकुर,महमद मेहरुदीन हजाम हुनु हुन्छ ।

## (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ) मधेश आन्दोलन कुन सालमा भएको थियो ?

(आ)मद्येश आन्दोलनमा शहिद भएको एकजना शहिदको नाम बताउनुहोस ।

## ग. विशिष्ट व्यक्तिहरुले पुर्याएका योगदान बताउन ।

### तहबिल्दार मान बहादुर,सेठ बलदेव दासको चित्र ।




मानबहादुर तहबिलदार




सेठ बलदेव दास

यस नगरपालिकाका विशिष्ट व्यक्तित्वहरु मध्ये तहविल्दार श्री मान बहादुर,सेठ श्री बलदेव दास हुनु हुन्थ्यो । उहाँहरुको योगदान महत्वपूर्ण छ । नेपाल अधिराज्यको चौथो विद्यालयको रुपमा वि.सं. १९९६ सालमा श्री जुद्ध हाई ईङ्गलिश स्कुल हाल श्री जुद्ध माध्यमिक विद्यालय गौरको नाममा स्थापना गर्नु भएको थियो ।

## (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ) आफनो पालिकाको कुनै एक विशिष्ट व्यक्तिको नाम भन्नुहोस ?

(आ)आफनो पालिकामा कुन सालमा पहिलो विद्यालयको स्थापना भएको थियो ?

(इ) पहिलो विद्यालयको नाम के राखिएको थियो ?

(ई) प्रथम विद्यालय कुन कालमा स्थापना गरिएको थियो ?

(उ)आफनो पालिकाको प्रथम विद्यालय स्थापना गर्ने विशिष्ट व्यक्तिहरुको नाम बताउनु होस ?

### सिकाइ उपलब्धि।

## (प) तलको प्रश्नको उत्तर दिनुहोस ।

(अ) नेपाल अधिराज्यको चौथो विद्यालयको नाम के हो ?

(आ) हाम्रो पालिकाको कुन कुन विशिष्ट व्यक्तिहरुले उक्त विद्यालय स्थापना गर्नु भएको थियो ?

(इ) उक्त विद्यालय कुन सालमा स्थापना गरिएको थियो ?

(ई) विद्यालयको त्यसबेला के नाम राखिएको थियो ?

(उ) हामीले आफनो अग्रजहरुबाट कस्ता गुणहरु अनुसरण गर्नु पर्छ ?

(ऊ) हाम्रो घर वा छिमेकमा रहनु भएको कुनै २ अग्रजको नाम भन्नुहोस ?

# लेखन अभ्यास ।

(अ) मेरो वडामा रामकृष्ण पढेर ______ गर्नु हुन्छ ।

(आ) रामकृष्ण आफ्नो बुवा ______ लाई धेरै माया गर्नुहुन्छ ।

(इ) रामकृष्णको असल बानी लाई ______ गर्नुपर्छ ।

(ई) रामकृष्णले बाजेलाई धेरै ______ गर्नु हुन्छ ।

(उ) मेरो छिमेकको अग्रजको नाम ______ हो ।

(ऊ) जुद्ध माध्यमिक विद्यालय ______ कालमा स्थापना गरिएको थियो ।

(ए) मधेश आन्दोलनमा शहिद मध्ये ______ हो ।

(ऐ) मधेश आन्दोलन ______ सालमा भएको थियो ।

(ओ) नेपाल अधिराज्यको चौथो विद्यालयको नाम ______ हो ।

(औ) चौथो विद्यालय ______ सालमा स्थापना गरिएको थियो ।

# गौर नगरपालिका
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

विषयः- स्थानीय विषय थिम(पाठ)कोनामः-संस्था,व्यक्ति र शहिदको परिचय

विद्यालयको नाम :-....................................कक्षाः-३

महिनाः- माघ र फागुन सि.उ.सं-३ सि.उ.अङ्क- ४×३ = १२

| क्र. | | मुख्य सिकाइ उपलब्धि | | | | | | | | | | थिमगत उपलब्धि संख्या | | | उपलब्धि प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | |
| स. | विद्यार्थीको नाम | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | १०० | ११२ | | |
| १ | सीता कुमारी | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ९३ | १०४ | ९३ | |
| २ | राम कुमार | ४ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | ९३ | १०४ | ९३ | |
| ३ | कृष्ण कुमार | ३ | ४ | ४ | ४ | ३ | ४ | - | - | - | - | १२ | ९३ | १०५ | ९४ | |
| ४ | राधा कुमारी | ४ | ४ | ३ | ४ | ४ | ४ | - | - | - | - | १२ | ९२ | १०४ | ९३ | |
| ५ | श्याम कुमार | ३ | ४ | ४ | ४ | ३ | ३ | - | - | - | - | ११ | ९३ | १०४ | ९३ | |

क. नियमित पढाइ पछि मूल्याङ्कन

ख. थप सहायता पछि मूल्याङ्कन

**विषय शिक्षकको**

नामः-................................

सहीः-...............................

--------------------
प्र.अ.को सही

# सन्दर्भ सामग्री


- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६) पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम(२०७६) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- लेटरग्रेडिङ्ग पद्धतिको कार्यान्वयनका सहयोगी पुस्तिका(२०७९)पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- विद्यार्थी सिकाइका लागि निरन्तर/आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- पाठ्यक्रम विकास केन्द्र २०६० स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६० सानोठिमी भक्तपुर ।
- स्थानीय पाठ्यक्रम २०८१ गौर नगरपालिका,रौतहट ।




# मधेश प्रदेश

# स्थानीय सरकार

## गौर नगरपालिका